# जैविक विविधता संरक्षण र लैङ्गिक संवेदनशीलताको प्रश्न

■ राधिका रेग्मी

## पृष्ठभूमि

जैविक विविधता संरक्षण के का लागि र कस्का लागि भन्ने प्रश्न उठ्दै गरेका बखत अन्तर्राष्ट्रिय जैविक विविधता संरक्षणको नारा "जैविक विविधताः सबैका लागि खाद्यान्न, पानी र स्वास्थ्य" लाई हेर्दा जैविक विविधतासँग मानव जातीका आवश्यकता गाँसेर हेर्नु पर्ने रहेछ भन्ने जो कोहीलाई थाहा हुन्छ । यसलाई जैविक विविधता संरक्षणको फाँटमा देखिएको सकारात्मक पक्ष मान्न सकिन्छ । तर जैविक विविधताले सबैका लागि चाहिने खाद्यान्न, पानी र स्वास्थ्यमा योगदान पुऱ्याओस् भन्ने कामना गर्दा गर्दै पनि आधा जनसंख्या ओगटेका महिला त्यसमा पनि खाद्यान्न, पानी र स्वास्थ्य सम्बन्धी सुविधावाट वन्चित विपन्न वर्गका महिलाहरुका समस्या समाधानमा जैविक विविधता सम्बन्धी नीति नियम र कार्यक्रमहरु कति लैङ्गिक संवेदनशील छन् भन्ने प्रश्न उठाउनु पर्ने भएको छ । यसै सिलसिलामा यस लेखमा लैङ्गिक सवाल सम्बन्धी अवधारणा, यसका प्रक्रिया र लैङ्गिक संवेदनशीलता बढाउने केही उपायहरु प्रस्तुत गरिएका छन् ।

## लैङ्गिक सवाल केलाई भन्ने ?

नेपाली समाजमा महिला र पुरुषलाई हेर्ने दृष्टिकोण, सोच र गरिने भेद्भावपूर्ण व्यवहारले उब्जाएका समस्या र असमानतालाई नै लैङ्गिक सवाल भनेर बुझ्न सकिन्छ । लैङ्गिक सवालका बारेमा बुझ्नु पर्ने पहिलो पक्ष भनेको सामाजिक, आर्थिक, राजनैतिक तथा सांस्कृतिक रुपमा समाजले महिला तथा पुरुषलाई विभेदपूर्ण रुपमा तोकिदिएको भूमिका, काम र जिम्मेवारी फलस्वरुप महिलाले गर्ने कामको बोझ धेरै हुनु, घरयासी कामलाई उत्पादनशील कामको रुपमा मान्यता नदिइनु हो ।

दोस्रो पक्ष भनेको महिलाको स्रोत, साधन, सुविधा र अवसरमा पहुँच र अधिकार असाध्यै कम हुनु हो । जसले गर्दा महिलाहरुले घरेलु तथा अन्य प्रकारका हिंसासँग जीवन बिताइरहनु परेको छ । अर्को महत्वपूर्ण पक्ष भनेको निर्णय प्रकृयामा महिलाको संख्यात्मक र गुणात्मक सहभागिता नहुनु हो । समष्टिमा भन्नु पर्दा लैङ्गिक सवाल भनेको महिलाहरुले आर्थिक, सामाजिक, राजनीतिक तथा कानुनी अधिकारहरु समान रुपमा उपभोग गर्न नपाउनु हो । यसको परिणामस्वरुप महिला र पुरुषको समान विकास हुन सक्दैन ।

## लैङ्गिक सवाललाई हल्का फुल्का रुपमा हेर्ने प्रवृत्ति

लैङ्गिक दृष्टिकोण (जेण्डर लेन्स) ले सरसर्ती हेर्दा नेपाली समाजमा लैङ्गिक सवाललाई अत्यन्तै हल्का रुपले बैठक र भेलामा महिलावर्गको उपस्थिति संख्यासँग मात्र जोडेर हेर्ने गरेको पाइन्छ । कुनै पनि नीति, योजना तथा परियोजनाका दस्तावेजमा महिलाको उपस्थिति र सहभगिता हुनुपर्छ भनी एक दुई हरफ लेख्दैमा वा एक दुई शब्द महिलाको सहभागिता बढाउने कुरामा भाषण गरेकै भरमा हामी लैङ्गिक संवेदनशील छौ भनी योजनाविद् र बुद्धिजीवी साथीहरुले पटक पटक तर्क गर्ने गरेको समेत मैले पाएको छु । लैङ्गिक संवेदनशीलता भनेको के हो र लैङ्गिक संवेदनशील हुन के गर्नु पर्छ भन्ने विषयमा स्पष्ट नभै महिलाको उपस्थितिका नाममा उल्टै महिलालाई कामको

बोझ थप्ने हालको विकास प्रकृयामा आधारभूत रुपले पुर्नविचार र विश्लेषण हुनु पर्छ । महिलाको उपस्थिति केवल कोटा पुर्‍याउने विकासे नारामा सिमित नभई महिला र पुरुष बीचको शक्ति सन्तुलनका लागि आवश्यक पर्ने सोच, धारणा, स्रोतमाथिको पहुँच, उपलव्ध हुने लाभ कहाँ, कसको भलाइमा जान्छ, निर्णय कसले गर्छ भन्ने कुराको विश्लेषण हुनु जरुरी छ । यसरी हेर्दा लैङ्गिक संवेदनशीलताको विषय अत्यन्तै जटिल विषय हो, हल्का फुल्का रुपले सतही भएर बुझ्न सकिने विषय होइन ।

**लैङ्गिक संवेदनशील हुनु भनेको के हो ?**

लैङ्गिक संवेदनशील हुनु भन्नाले मुख्य गरी निम्न पक्षहरुमा सचेत भई सुक्ष्म रुपले विश्लेषण गरी महिला पुरुष सम विकासका लागि व्यवहारमा परिवर्तन हुनुलाई जनाउँदछ ।

- महिला र पुरुषलाई समाजले दिएको विभेदपूर्ण भूमिका र कामको बोझ सम्बन्धमा
- महिला र पुरुषको स्रोतमाथिको पहुँच र अधिकार सम्बन्धमा
- महिला र पुरुष्का आवश्यकता र चाहनाहरुको परिपूर्ति सम्बन्धमा
- महिला र पुरुषको निर्णय प्रक्रियामा सहभागिता सम्बन्धमा

**१. महिला र पुरुषलाई समाजले दिएको विभेदपूर्ण भूमिका र कामको बोझ**

पुरुष प्रधान रहेको हाम्रो घर, गाउँ र समाजमा महिला तथा पुरुषले के कस्ता भूमिकाहरु निर्वाह गर्दै आएका छन् र ती भूमिका निर्वाह गर्नको लागि शारीरिक तथा मानसिक रुपले कसले, कस्ता र कति घटी वेसी समय काम गर्छन् भन्ने कुराको विश्लेषण आ-आफ्ना घरबाटै सुरु गर्न सक्नु पर्छ । यसलाई लैङ्गिक संवेदनशील हुन चालिएको पहिलो पाइला मान्न सकिन्छ । कामहरु कसले गर्नुपर्ने, गर्न सक्ने वा गर्न नसक्ने भन्ने विषयमा प्रकृतिले तोकि दिएको जैविक भूमिका खासगरी गर्भधारण गर्ने, बच्चा जन्माउने तथा बच्चालाई स्तनपान गराउने बाहेक महिला वा पुरुषले यो गर्न हुने र यो गर्न नहुने भन्ने कुराहरु समाजका व्यक्तिहरुले नै बनाएका नियमहरु हुन् र यी नियमहरु समाजबाटै सच्याइ न्यायोचित बनाउन सकिने कुरा हुन् भन्ने कुरा बुझ्न र व्यक्तिगत तवरले अभ्यास गर्न तत्पर रहनुलाई लैङ्गिक संवेदनशील तर्फ उन्मुख दोस्रो पाइला मान्न सकिन्छ ।

लैङ्गिक संवेदनशील हुनका लागि चालिने तेस्रो पाइला भनेको समाजमा विद्यमान मूल्य, मान्यता, संस्कृति, रितिस्थिति, परम्परा, धर्म र चलनका नाममा महिलालाई हेला गर्ने, थिचोमिचो गर्ने, हेप्ने, कमजोर ठान्ने र समष्टिमा भन्नुपर्दा शोषण गर्ने कुरा किन सामान्य ठानिन्छन् भन्ने बारेमा घरभन्दा बाहिर छरछिमेक, ईष्टमित्र र साथीसँगीसँग प्रश्न गर्न सक्ने हुनु हो ।

**२. महिला र पुरुषको स्रोतमाथिको पहुँच र अधिकार**

लैङ्गिक संवेदनशीलताको दोस्रो महत्वपूर्ण पक्ष भनेको स्रोत, सम्पत्ति, सेवा, साधन र सुविधा माथि महिला र पुरुषबीचको पँहुच, बाँडफाँट र नियन्त्रण कस्तो छ भन्ने हो । घर, परिवार र समाजमा दैनिक रुपमा हुने हेला, थिचोमिचो र शोषणले शिक्षा, स्वास्थ्य तालीम र सीप जस्ता महत्वपूर्ण क्षेत्रमा कसले बढी अवसर पाएका छन् ? घर , परिवार, समाज, राष्ट्रमा भएका सम्पत्ति, सेवा, स्रोत र साधन माथि कसको पँहुच, खटनपटन, निर्णय र हैकम चल्छ ? उपलब्ध सेवा, स्रोत र साधनबाट कसले बढ्ता सुविधा पाइरहेका छन् ? ती स्रोत, साधन तथा अवसरहरुबाट महिला र पुरुषमध्ये कसले बढी भोग चलन गरी फाइदा लिइरहेका छन ? ती स्रोत साधनमा बराबरी पँहुच

नहुँदा एउटै परिवार भित्रपनि महिला र पुरुषमध्ये कसले बढी दुःख र कष्टदायी जीवन बिताइरहनु परको छ ? नेपाली समाजमा हुर्की बढेका सबैलाई यी सबै कुराहरुको जानकारी हुनै पर्ने हो । तर यी कुराहरुलाई बुझ् पचाएर नबुझे जस्तो गर्ने तथा विश्लेषणात्मक रुपले नहेर्ने प्रवृत्ति, स्वभाव तथा व्यवहारलाई लैङ्गिक असंवेदनशीलता भन्न सकिन्छ । उपरोक्त प्रश्नहरुमा स्वविवेकी र जिम्मेवार भई चिन्तन मनन गर्ने र आफुलाई न्यायोचित र विवेकशील व्यक्तित्वको रुपमा व्यवहारिक रुपमा रुपान्तरित गर्दै लान सक्ने हुनुलाई लैङ्गिक संवेदनशील भएको व्यक्ति मान्न सकिन्छ ।

**३. महिला र पुरुषका आवश्यकता र चाहनाहरुको परिपूर्ति**

लैङ्गिक संवेदनशीलताको तेस्रो पक्ष भनेको महिला तथा पुरुषका चाहना तथा आवश्यकताहरुको पहिचान तथा परिपूर्तिमा कसले प्राथमिकता पाउँछ भन्ने हो । महिला र पुरुषका आवश्यकता र चाहनाहरु फरक फरक हुन्छन् भन्ने कुरा बिर्सनै नहुने विषय हो । नेपाली समाजमा विद्यमान चलनलाई नियालेर हेर्ने जो कोहीले देखे भोगेकै कुरा हो कि महिलाका आवश्यकता र चाहनाहरुलाई दुई किसिमबाट हेर्न सकिन्छ । पहिलो पक्ष भनेको दैनिक जीवन गुजराको लागि सरल र सुविधायुक्त स्रोत र साधनको आवश्यकता जस्तै खान, लाउन, पानी, पँधेरो, दाउरा, घाँस, स्वास्थ्य, सरसफाईसँग सम्बन्धित कुराहरुको परिपूर्ति गर्दा महिलाका आवश्यकताहरुलाई पहिलो प्राथमिकता दिइ गरिने व्यवहार हो भने दोस्रो पक्ष भनेको महिला र पुरुष बीचमा रहेको असमानताको अन्त्यको लागि महिलाको परम्परागत भूमिकामा परिवर्तन ल्याउन आवश्यक पर्ने नीति, नियम, कानुनमा हुने परिवर्तन र त्यसको प्रभावकारी कार्यान्वयन हो । उपरोक्त आवश्यकता र चाहना परिपूर्तिका लागि बोल्ने, वकालत गर्ने, निर्णय गर्ने र निर्णयको पालनामा प्रतिवद्ध भै लाग्नुलाई लैङ्गिक संवेदनशील भएको मानिन्छ ।

**४. महिला र पुरुषको निर्णय प्रक्रियामा सहभागिता**

लैङ्गिक संवेदनशीलताको चौथो पक्ष भनेको निर्णय प्रक्रियामा महिला र पुरुष वर्गको समानरुपले हुने सकृय सहभागिता र त्यसबाट प्राप्त हुने फाइदाको बाँडफाँटको कुरा हो । यहाँ बुझ्नै पर्ने महत्वपूर्ण विषय भनेको सकृय सहभागिताको बारेमा गहिरिएर विश्लेषण गर्नु पर्ने कुरा हो । सभा र बैठकमा हुने संख्यात्मक उपस्थितिलाई मात्र सहभागिता भनेर बुझ्नु हुँदैन । सकृय सहभागिता भन्नाले घर, परिवारदेखि गाउँ घरका भेला र बैठकमा छलफल हुने विषय र एजेण्डा कसले, कसको आवश्यकताको आधारमा कसरी गरिन्छ ? छलफलमा बढी कसले बोलेर निर्णयमा प्रभाव पार्छ, ? कसले बोलेका कुरा कति टिपोट गरिन्छन् ? कति टिपोट गरेका कुरा व्यवहारमा लागु भएका छन् र ती लागु भएका कुराबाट महिला र पुरुषको भुमिका, स्रोत माथिको पहुँच र आवश्यकता परिपूर्ति कसका लागि भए ? जसको परिणाम स्वरुप जीवन शैली र जीवन यापनका उपायहरुमा महिला र पुरुष कसले बढी वा घटी फाइदा पाए भन्ने कुराको सूक्ष्म विश्लेषण गरी न्यायोचितताको आधारमा व्यवहारमा परिवर्तन ल्याउन सक्नुलाई लैङ्गिक संवेदनशील भएको भन्न सकिन्छ ।

**लैङ्गिक संवेदनशिल कसरी हुने ?**

लैङ्गिक संवेदनशीलता भन्ने बिषय व्यक्तिगत धारणा, मनोवृती तथा प्रतिबद्धतामा भर पर्ने कुरा भएकाले लैङ्गिक संवेदनशीलताका लागि चाहिने सब भन्दा पहिलो पूर्वसर्त भनेको माथि उल्लेखित विश्लेषण पश्चात् व्यक्तिगत तहमा महिलाहरुलाई हेर्ने दृष्टिकोण र सोचमा आउने सकारात्मक

परिवर्तन हो । यो परिवर्तन आउन व्यक्तिगत रुपमा दृढ प्रतिबद्धताको खाँचो पर्दछ । समाज परिवर्तनका लागि आफ्नो व्यक्तिगत जिम्मेवारी छ भन्ने सोच भएका व्यक्तिहरुले मात्र यो काम सुरु गर्न सक्दछन् । घर तथा समाजमा केही व्यक्तिहरुको महिलाहरुलाई हर्ने दृष्टिकोण, व्यवहार र स्वभावमा परिवर्तन आएपछि मात्र त्यसको असर र प्रभाव पेशागत तथा संस्थागत रुपमा त्यस्ता व्यक्तिहरुकै प्रभावबाट सम्बधित सङ्गठन भित्र बिस्तारै हुँदै फैलदै जान्छ । यस्ता प्रतिवद्ध व्यक्तिहरुको संख्या घर, छिमेक, गाउँ र संस्थामा बढ्दै गएपछि त्यस्ता मानिसहरुले बोल्ने भाषा, शैली तथा गर्ने व्यवहार एउटा संस्कृति र संस्कारको रुपमा पहिचान भई परिचित हुन थाल्दछ र बिस्तारै अन्यत्र पनि एउटा खास संस्कारको रुपमा स्थापित हुँदै जान्छ । यसरी व्यक्तिको सोच र व्यवहारमा आउने परिवर्तनले घर, परिवार र संगठन भित्र जीवनका हरेक पक्षमा लैङ्गिक विभेद कम गर्न र महिला पुरुषको समविकासमा मद्दत पुग्न जान्छ । यस प्रकियालाई लैङ्गिक संवेदनशीलताको प्रकिया भन्न सकिन्छ ।

अब प्रसङ्ग बदलौं र जैविक विविधता संरक्षण अभियान लैङ्गिक संवेदनशील छ छैन भन्ने कुरा कसरी हेर्ने भन्ने बारेमा केन्द्रित हौं ।

### जैविक विविधता संरक्षणमा लैङ्गिक चश्मा किन ?

सबैले महसुस गरेको कुरा के हो भने जैविक विविधता सम्बन्धी ज्ञान पुरुषवर्गसँग भन्दा महिलावर्गसंग बढी हुन्छ । किनभने वन जङ्गल होस् वा पानी पधेरा, बाली नाली होस वा भिर पहरा जहाँसुकै ग्रामीण क्षेत्रका महिलाहरुले पुरुषहरुभन्दा बढी काम गर्न परिरहेको छ । यसै कारणले पनि होला, ती क्षेत्रमा जैविक विविधता संरक्षण र उपयोगका सवालमा महिलाहरुको भूमिका पुरुषहरुको भन्दा बढी देखिएको छ । त्यसैले होला यस क्षेत्रमा महिलाहरु बढी संवेदनशील देखिन्छन् । तर यो वास्तविकतालाई नेपाली समाजका प्रायः सबैले कदर गरेको भने देखिदैन ।

दाउरा, घाँस, पात, स्याउला, सोतर, जडीबुटी, खेतीपाती, पानी पँधेरादेखि लिएर देवी देउरालीको पूजाआजा जस्ता दैनिक कार्यमा बढी समय दिइरहेका हुनाले महिलाहरुको प्रकृतिसँगको सामिप्यता बढी देखिन्छ । कुन बोट बिरुवा तथा कन्दमुलका कुन भाग औषधीको रुपमा प्रयोग गर्नेदेखि लिएर कुन रुख रोपेमा राम्रो दाउरा, घाँस दिन्छ, कुन बाली लगाएर थोरै श्रम र मेहनतबाट धेरै उत्पादन प्राप्त हुन सक्छ । खेत बारी डाँडा पाखाको माटो, पानीको हेरचाह के कस्तो उपाय गरेर गर्नु पर्दछ, खडेरी परेको बेला कहाँको कुन मुहानबाट पानी प्राप्त गर्न सकिन्छ जस्ता कुराहरुमा पुरुषहरु भन्दा महिलाहरुसँग बढी जानकारी रहेको पाइन्छ । तर ती क्षेत्रमा हुने जैविक विविधता संरक्षण र तिनीहरुको उपयोगमा हुने निर्णय प्रकृयामा महिलाको ज्ञान तथा अनुभवको कदर गरेको भने पाइँदैन । जसको फलस्वरुपः जैविक विविधता संरक्षण कार्यहरु प्रभावकारी हुन सकेका छैनन् । आधा संसार ओगटेका र जैविक विविधता सम्बन्धी ज्ञानको भण्डार भएका यी महिलाहरुको निर्णय प्रकृया र नेतृत्वमा सकृय सहभागिता बढाउन घर धन्दा र पानी पँधेरामा पुरुषहरुको सहभागिता बढाउन जरुरी छ । यसो भएमा मात्र महिलाहरुले नेतृत्वदायी भूमिका खेल्न सक्ने र सशक्त रुपमा जैविक विविधता अभियानले पूर्णता प्राप्त गर्न सक्छ । यसका लागि नगरी नहुने महत्वपूर्ण काम भनेको जैविक विविधता संरक्षण र उपभोगको बाँडफाँटमा लैङ्गिक चश्मा लगाएर हेर्ने बानी बसाउनु हो । यसो गर्नाले जैविक विविधता संरक्षणमा लैङ्गिक संवेदनशीलता हुन जान्छ ।

**जैविक विविधता संरक्षण प्रयासलाई लैङ्गिक चश्माले कसरी हेर्ने ?**

लैङ्गिक चश्मा लगाएर सबभन्दा पहिले हेर्नु पर्ने विषय भनेको जैविक विविधता संरक्षणसँग सम्बन्धित नीति, निर्माताहरु व्यक्तिगत रुपमा माथि उल्लेखित लैङ्गिक सवालमा कति संवेदनशील छन् भनेर स्व-मुल्याङकन गर्ने गरिएको छ छैन भनी हेर्नु पर्दछ । त्यस पछिको चरण भनेको जैविक विविधता संरक्षणसँग सम्बन्धित नीति, नियम, योजना, कार्यक्रम, कानुन, निर्देशिका तथा कार्यपद्धति कति लैङ्गिक संवेदनशील छन् भनी विश्लेषण गरी त्यस्ता दस्तावेज र कार्य पद्धतिलाई माथि उल्लेख गरिएका पक्षहरुलाई विचार गरी लैङ्गिक संवेदनशील बनाउनु हो । त्यसपछिको चरणमा उपरोक्त दस्तावेज कार्यन्वयन गर्ने निकाय, समुदाय, परिवार र व्यक्तिहरुलाई लैङ्गिक संवेदनशील बनाउन व्यापक प्रचार प्रसार, सशक्तीकरण, सामाजिक न्याय र समानताका बारेमा के कस्ता कार्यक्रम कुन कुन निकाय मार्फत कति स्रोत र साधन परिचालन गरी लागू गरिएको छ हेर्नु पर्दछ । अन्तिम चरणमा जैविक विविधता संरक्षणका बारेमा सरकारी, गैरसरकारी र समुदायका महिला पुरुष दुवै वर्गको सकृय सहभागितामा लैङ्गिक सुचाङ्क तयार गरी उनीहरु सबैको सहभागितामा स्वःअनुगमन र मूल्याङ्कन गर्न सकिएमा मात्र जैविक विविधता संरक्षण प्रयास कति लैङ्गिक संवेदनशील रहेछ भनेर सही अर्थमा पहिचान गर्न सकिन्छ ।

**निष्कर्ष**

जैविक विविधता संरक्षणसँग सम्बन्धित हामी सबै सरकारी, गैर-सरकारी र समुदायका महिला र पुरुष वर्गहरु सर्वप्रथम लैङ्गिक सवाललाई बुझ्ने कोसिस गरौं । लैङ्गिक संवेदनशील हुन कम्मर कसौं र व्यक्तिगत रुपमा रुपान्तरित हुँदै नेपाली समाजलाई लैङ्गिक समानता भएको समाजको रुपमा परिवर्तन गरौं । हामी आफै परिवर्तन हुन सकेमात्र हामीले अरुलाई परिवर्तन हुन प्रेरित गर्न सक्छौं ।

(लेखक लैङ्गिक समताको मूलप्रवाहीकरण कार्यक्रममा लैङ्गिक तालीम विशेषज्ञको रुपमा कार्यरत हुनुहुन्छ ।)